आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०८०/१०/१०

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

**आठविसकोट नगरपालिका व्यापार व्यावसाय (दर्ता सञ्चालन) कार्यविधि २०८०**

नगर कार्यपालिकामा पेश भएको मिति: २०८०/०९/२४

नगर कार्यपालिकामा पारित भएको मिति: २०८०/०९/२४

प्रमाणिकरण मितिः २०८०/०९/२५

**आठविसकोट नगरपालिका**

# नगर कार्यपालिका कार्यालय

**आठविसकोट, रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश, नेपाल**

# आठविसकोट नगरपालिका व्यापार व्यावसाय (दर्ता सञ्चालन) कार्यविधि २०८०

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

# आठविसकोट नगरपालिका

## आठविसकोट नगरपालिका व्यापार व्यावसाय (दर्ता सञ्चालन) कार्यविधि

## २०८०

प्रदेश व्यापार व्यावसाय (दर्ता तथा सञ्चालन) ऐन २०७८ को दफा ७८ ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**(१)यो कार्यविधिको नाम आठविसकोट नगरपालिका व्यापार व्यावसाय (दर्ता तथा सञ्चालन) कार्यविध २०८० रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) उप प्रमुख भन्नाले आठविसकोट नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

(ख) ऐन भन्नाले प्रदेश व्यापार व्यावसाय ऐन २०७८ सम्झनु पर्छ ।

(ग) कार्यालय भन्नाले आठविसकोट नगरपालिका कार्यालय सम्झनु पर्छ।

(घ) नगरपालिका भन्नाले आठविसकोट नगरपालिका सम्झनु पर्छ ।

(ङ) प्रमुख भन्नाले आठविसकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले आठविसकोट नगरपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(छ) फर्म दर्ता भन्नाले नगरपालिकामा अनुसुचि १ बमोजिमको पुजिको सिमाभित्ररहि नीजि तथा साझेदारी फर्म दर्ता गराउने कार्यलाई जनाउँदछ ।

## परिच्छेद २

## नीजि फर्म दर्ता तथा सञ्चालन सम्बन्धि व्यवस्था

**३. निजि फर्म अद्यावधि गर्नेः** (१) यो कार्यविधि प्रारम्भ हुदाँका बखत प्रचलित सघिय  कानुन बमोजिक स्थापना भई सञ्चालनमा रहेका नगरपालिका क्षेत्रभित्र पर्ने निजि फर्म अद्यावधिका लागि पाँच सय रुपैया दस्तुर सहित देहाय बमोजिमका कागजातहरु सलग्न गरी नगरपालिकामा निवेदन दिनु पर्नेछः

क) नेपाली नागरिताको प्रमाण पत्रको प्रतिलिपी वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी

ख) फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी

ग) नगरपालिकाले तोकेको अन्य कागजातहरु ।

(२)उपदफा (१) बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले त्यस्तो निजि फर्मको अभिलेख राखी उद्योग दर्ता प्रमाणपत्रमा अद्यावधि भएको व्यहोरा जनाई दिनु पर्नेछ ।

(३)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि प्रारम्भ हुनु अघि सघिय कानुन बमोजिम प्रदेशको निकायमा दर्ता भई सञ्चालनमा रहेका निजि फर्मको हकमा यो दफा लागु हुने छैन ।

**४ निजि फर्म दर्ताः** (१) निजि फर्म दर्ता गर्न चाहने व्यक्तिले एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसुचि २ बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदाँ ऐनको दफा ४ को उप दफा (१) मा उल्लिखित कागजात तथा विवरणको अतिरिक्त देहाय बमोजिका कागजात पेश गर्नु पर्नेछ ।

क) सम्बन्धित वडाको सिफारिस

ख) बाणिज्य सम्वन्धी निजी फर्मको हकमा दरखास्त वालाको समान उद्देश्य अर्को फर्म दर्ता नगरेको स्वघोषणा

ग) फर्म दर्ता गर्न प्रतिनिधि नियुक्त गरेको भए सो सम्बन्धी कागजात ।

(३)उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाको आवश्यक जाँचबुझ गरी निजि फर्म दर्ता गर्न मनासिव देखिएमा अनुसुचि ३ बमोजिमको दर्ता दस्तुर लिई अनुसुचि ४ दर्ता गरी अनुसुचि ५ बमोजिमको प्रमाणपत्र दरखास्त वालालाई दिनु पर्नेछ ।

**५ निजि फर्मको शाखा दर्ताः** निजि फर्मले आफ्नो व्यापार व्यावसाय गर्ने मुख्य स्थान बाहेक अन्य स्थानबाट समेत करोवार गर्न चाहेमा नगरपालिकाले प्रत्येक शाखाको लागि अनुसुचि ३ बमोजिमको दर्ता दस्तुर लिई अनुसुचि ६ बमोजिमको शाखा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

६ निजि फर्म दर्ता प्रमाणपत्रको अवधि र नविकरणः (१) यस कायविधि बमोजिम दर्ता भएका निजि फर्मको अवधि दर्ता भएको मितिले पाँच वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नविकरण गर्दा दुई वर्षका लागि गरिनेछ ।

(२) निजि फर्म नविकरण गराउन चाहने निजि फर्मको धनिले उपदफा (१) बमोजिमको अबधि समाप्त भएको मितिले पैतिस दिन भित्र देहाय बमोजिमको कागजात सलग्न गरी अनुसुचि ७ द बमोजिम ढाँचामा नगरपालिकामा दरखास्त दिनुपर्नेछः

क) फर्म दर्ता सकलन प्रमाणपत्र
ख) आयकर (स्थायी लेखा नम्वर ) दर्ता प्रमाणपत्र प्रतिलिपि
ग) अघिल्नो वर्ष कर तिरेको प्रमाणपत्र ।

(३) उपदफा (२) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले दफा ४ को उपदफा (३) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको बीस प्रतिशत दस्तुर लिई त्यस्तो निजि फर्म नविकरण गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम अबधि भित्र निजि फर्म नविकरण गराउन नसकेको निजि फर्मको धनिले नविकरण गराउन नसकेको मनासिव कारण खुलाई नविकरणको लागि नगरपालिकामा दरखास्त दिन सक्नेछ । यसरी दिएको दरखास्त उपर जाँचबुझ गर्दा कारण मनासिव देखिएमा नगरपालिकाले देहाय बमोजिम दस्तुर लिई त्यतो निजि फर्म नविकरण गर्न सक्नेछः

क) नविकरण गराउने अवधि समाप्त भएको छतिसौ दिनदेखि तीन महिना सम्मको लागि दफा ४ को उपदफा (३) बमोजिम दस्तुरको पचास प्रतिशत दस्तुर
ख) खण्ड (क) बमोजिमको समय भित्र नविकरण नगराएमा सो अवधि समाप्त भएको मितिले एक वर्ष सम्म दफा ४ को उपदफा (३) बमोजिमको दस्तुर
ग) उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भई खण्ड (ख) बमोजिम नविकरण नगराई सो अवधि समाप्त भएमा एक पटकको लागि नविकरण दस्तुर

र विलम्व शुल्क प्रत्येक नविकरण अवधिको दुई हजार पाँच सय रुपैयाँ र तेब्बर दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र पनि कुनै निजि फर्मको धनिले निजि फर्म नविकरण नगराएमा सम्बन्धीत निकायले ऐनको दफा १२ बमोजिम आबश्यक कार्वाही गर्नु पर्नेछ ।

७ विवरण हेरफेर सम्बन्धी व्यावस्थाः (१) कुनै निजि फर्मको धनीले आफ्नो निजी फर्म दर्ता गराउँदा पेश गरेको विवरण हेरफेर गर्नु पर्ने भएमा त्यस्तो विवरण खुलाई स्वीकृतको लागि अनुसुचि -८ ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले सो सम्बन्धमा जाँचबुझ गरी विवरण हेरफेर गर्न मनासिव देखेमा त्यस्तो विवरण हेरफेर गर्न दरखास्त परेको पन्ध्र दिन भित्र स्वीकृती दिनेछ र आफुसँग रहेको त्यस्तो निजि फर्मको विवरण संशोधन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण संशोधन गरेमा नगरपालिकाले सोको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमालाई समेत दिनु पर्नेछ ।

८ निजि फर्म खारेजिको लागि निवेदन दिनु पर्नेः (१) ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिम निजि फर्मको धनीले मनासिब कारण देखाइ फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको संक्कल प्रमाणपत्र सहित नगरपालिकामा अनुसुचि-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले फर्म खारेज गर्नु अघिसम्मको सम्पुर्ण बाँकी बक्यौता र कर चुक्ता भएको प्रमाण पेश गर्नालाई त्यस्तो निजि फर्मले तिर्न वा बुझाउन बाँकी रहेको कानुन बमोजिम लाग्ने

बर,दस्तुर तथा जरिवाना निजि फर्मको धनीबाट असुल गरी निजि फर्म खारेज गरी दर्ता किताववबाट लागत कट्टा गर्नु पर्नेछ ।

## परिच्छेद -३

## साझेदारी फर्म सम्बन्धी व्यवस्था

**९. साझेदारी फर्म दर्ता गर्न दरखास्त दिनु पर्नेः** (१) साझेदारि फर्म दर्ता गर्न चाहेमा साझेदारहरुले एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसुचि-१० बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदाँ ऐनको दफा १७ को उपदफा (१) मा उल्लेखित कागजात तथा विवरणको अतिरिक्त देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

क) साझेदारीको नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी,

ख) साझेदारी फर्म रहने स्थानको नक्साङ्कन सहितको विवरण

ग) साझेदारी फर्म दर्ता गर्ने प्रयोजनका लागि निवेदन दिन साझेदारले प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

घ) साझेदारहरु बीच लिखित सम्झौता भएको भए त्यस्तो सम्झौताको प्रतिलिपी,

ङ) उद्योग स्थापना गर्ने क्षेत्रको वडाको सिफारिस ।

**१०. साझेदारी फर्मको दर्ताः दफा ९ बमोजिम साझेदार फर्म दर्ताको लागि दरखास्त पर्न आएमा**

नगरपालिकाले आवश्यक जाँचबुझ गरी साझेदारी फर्म दर्ता गर्न मनासिब देखेमा अनुसुचि -३ बमोनजिमको दर्ता दस्तुर लिइ अनुसुचि ११ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुचि-५ बमोजिमको प्रमाणपत्र दरखास्तवालालाई दिनु पर्नेछ ।

**११. शाखाबाट व्यापार-व्यवसाय हुने गरी साझेदारी फर्म दर्ता गर्न सकिनेछ ।**

(१) ऐनको दफा १९ को उपदफा (१) बमोजिम कसैले आफुले सञ्चालन गरी आएको व्यापार-व्यापसाय मुख्य स्थानका अतिरिक्त अन्य शाखाबाट समेत सञ्चालन गर्न चाहेमा प्रत्येक शाखाको लागि देहायका विवरण र कागजात सहित शाखा दर्ताको लागि नगरपालिका समक्ष निवेदन दिनु पर्नेछः-

क) फर्म दर्ता प्रमाणपत्र,

ख) वातावरण सम्बन्धी प्रचलित संघिय तथा प्रदेश कानुन बमोजिम बातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सो को स्वीकृत प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले दर्ता कितावमा अभिलेख गरी अनुसुचि-६ बमोजिमको शाखा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

**१२. साझेदारी फर्मको नाममा भ्रमपुर्ण भएमा छानविन गर्नेः** (१) ऐनको दफा २१ को उपदफा (५) बमोजिम छानविन गर्दा नगरपालिकाले छानविन गरी प्रतिवेदन पेश गर्न अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले फर्मको नाम भ्रमपुर्ण भए नभएको राय प्रतिक्रिया लिन र सम्बन्धीत फर्म धनीसँग स्पष्टिकरण माग गर्न सक्नेछ ।

**१३. साझेदारी फर्मको नविकरणः-** (१) साझेदारी फर्म नविकरण गराउन चाहने साझेदारले आर्थिक बर्ष भुक्तानी भएको मितिले पैतीस दिनभित्र देहाय बमोजिमको कागजातका साथ पाँच सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसुचि-७ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछः-

क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

ख) आयकर ( स्थायी लेखा नम्वर ) दर्ता प्रमाणपत्रको प्रतिलिपी

ग) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

(२) बमोजिम साझेदारी फर्म नविकरणका लागि दरखास्त दिदाँ उपदफा (१) मा उल्लेखित कागजातका साथ पाँच सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसुचि-७ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा नगरपालिकाले दफा ४ को उपदफा (३)बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुर दश प्रतिशत दस्तुर लिई त्यस्तो साझेदारी फर्म नविकरण गरिदिनु पर्नेछ ।

(४) उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा साझेदारी फर्म दर्ता भई हाल उपदफा (३) बमोजिम नविकरण नगराइ सो अवधि समाप्त भएमा मनासिव कारण देखाइ त्यस्तो व्यवसायले प्रत्येक बर्षको लाग्ने दस्तुरको नविकरण दस्तुर सहित तेब्बर दस्तुर लिई नविकरण गर्न सकिनेछ र पाँच वर्षसम्म नगरेमा स्वत खारेज गरिनेछ ।

**१४. विवरण पेश गर्नु पर्नेः**(१) साझेदारी फर्मले प्रत्येक वर्ष लेखापरिक्षण प्रतिवेदन र अनुसुचि-१२ बमोजिमको आर्थिक विवरण सम्बन्धी निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक आर्थिक वर्षमा दशलाख रुपैयाँ वा सोभन्दा कम कारोबार गर्ने साझेदारी फर्मले अनुसुची-१२ बमोजिमको आर्थिक विवरण पेश गर्न आवश्यक पर्ने छैन ।

**१५. खारेजीको लागि निवेदन दिनु पर्नेः** (१) साझेदारहरुले मनासिब कारण देखाई फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित फर्म खारेजीको लागि नगरपालिकामा अनुसुचि-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम फर्म खारेजीको लागि निवेदन पर्न आएमा नगरपालिकाले खारेज गर्नु अघिसम्मको सम्पुर्ण बाँकी बक्यौता र कर चुक्ता

भएको प्रमाण पेश गर्न लगाई त्यस्तो साझेदारी फर्मले तिर्न वा बुझाउन बाँकी रहेको कानुन बमोजिम लाग्ने कर,दस्तुर तथा जरिवाना समेत साझेदारहरुबाट असुल गरी साझेदारी फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ ।

**१६. विवाद समाधान सम्बन्धी कार्यविधिः**(१) साझेदारहरु बीच साझेझेदारीका सम्बन्धमा कुनै विवाद उत्पन्न भई उजुरी पर्न आएमा नगरपालिकाले दुवै पक्षलाई राखी छलफल गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफल बीच सहमति भएमा सोही बमोजिम हुनेछ मेलमिलाप गरी आउन नगरपालिकाले दुवै पक्षलाई बढिमा तीन महिनाको समय दिनेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र मेलमिलाप हुन नसकेमा दुवै पक्षबाट पेश भएका प्रमाणको आधारमा नगरपालिकाले विवाद समाधानको लागि उपयुक्त आदेश दिन सक्नेछ ।

## परिच्छेद- ४

## विविध

**१७. प्रतिलिपी लिन सकिनेः** यस कार्यविधि बमोजिम प्राप्त प्रमाणपत्र हराएमा नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले नगरपालिकामा प्रतिलिपी लिनका लागि निवेदन दिनु पर्ने। (१) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले पाँच सय रुपैंया दस्तुर लिई प्रमाण पत्रको प्रतिलिपि दिन सक्ने छ ।

**१८. साइनबोर्ड र मुल्यसुची राख्नुपर्ने:** यस कार्यविधि बमोजिम फर्म दर्ता भएपछि त्यस्तो फर्मको नाम फर्मको नाम ठेगाना दर्ता नम्वर र मिति प्रष्ट रुपमा उल्लेख भएको साइनबोर्ड र आफुले करोवार गर्नुपर्ने वस्तु वा सेवाको प्रचलित कानुन बमोजिम मुल्य सुचि कारोबार स्थलमा राख्नु पर्नेछ ।

**१९.अनुगमन सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले यस कार्यविधि बमोजिम दर्ता भएका निजी तथा साझेदारी फर्मको अनुगमन गरी आबश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धीत निजि साझेदारी फर्मको कर्तव्य हुनेछ ।

(२) नगरपालिकाले यस कार्यविधि बमोजिम दर्ता भएका फर्मको संस्थागत सुशासनको लेखाजोखाको लागि सुचक निर्माण गरी व्यवस्थापन परीक्षण गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन परीक्षणको नतिजालाई नगरपालिकाले सार्वजानिक गर्नेछ ।

**२०. अनुसुचिमा हेरफेर तथा संशोधन गर्न सक्ने:** नगर सरकारले स्थानीय राजपत्रमा प्रकाशित गरी यस कार्यविधिको अनुसुचिमा आबश्यक्ता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

## अनुसुचि - १

## (दफा २ को खण्ड(छ)सँग सम्बन्धीत )

### निजि तथा साझेदारी फर्म दर्ता

| क सं | उद्योग तथा वाणिज्य | पुंजी | फर्म दर्ता गर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्यको हकमा | दश लाख रुपैयाँ | आठविसको | |

| | | | | |
|---|---|---|---|---|
| | | सम्म | नगरपालिका | |
| २ | उद्योगको हकमा | तीन लाख रुपैयाँ सम्म | आठविसको नगरपालिका | |
| | | | | |

# अनुसुचि २

## (सँग सम्बन्धीत (१) को उपदफा ४दफा )

## निजि फर्म दर्ताका लागि दिइने दरखास्त

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
आठविसकोट नगरपालिकाको कार्यालय
रुकुम (पश्चिम) ।

बिषय: निजि फर्म दर्ता गरी पाउँ ।

महोदय,

देहाय बमोजिम व्यापार व्यवासाय गर्न देहायमा उल्लेख भएको नामको निजि फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आबश्यक कागजात सहित यो दरखास्त पेश गरेको छु ।

देहायः

1. फर्मको पुरा नाम र ठेगानाः
2. फर्मको उद्देश्यः
3. फर्मको पुँजीः
4. करोवार गर्ने वस्तु सेवा तथा कामको विवरणः
5. फर्म धनीको तीन पुस्ते विवरणः
6. फर्म धनीको ठेगाना र सम्पर्क नम्वरः
7. फर्म धनीको हासालै खिचेको पासपोर्ट साइजको दुई प्रति फोटोः

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो झुटो ठहरे कानुन बमोजिम सहँला बुझाउला ।

दरखास्तवालको

नामः                                    औठाछापः दाँया           बाँया

ठेगानाः

सहीः

इति सम्वत्   साल   महिना   गते   रोज   शुभम् ।

# अनुसुचि - ३

## ( सँग सम्बन्धीत १०र दफा ५दफा (३) को उपदफा ४दफा )

## निजि तथा साझेदारी फर्म दर्ता र शाखा दर्ता दस्तुर

| क स | पुँजी | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रुपैयाँ सम्म | एक हजार रुपैयाँ | |
| २ | पाँच लाख देखि दश लाख सम्म | चार हजाररुपैयाँ | |
| ३ | शाखा दर्ता दस्तुर | दर्ता दस्तुरको पचास प्रतिशत | |

अनुसुचि०४-

निजि फर्मको दर्ता किताव (दफा ०४ को उपदफा०३ सँग सम्बन्धित)

| क स | फर्म दर्ता नं. | फर्म को नाम | फर्म को उद्दे | फर्म को पुँजि | फर्म धनि को | फर्म धनि को | स्था यी लेखा | फर्म धनि को | फर्म धनिको पासर्पोट | फर्म धनीको औंठाछा | प्माणित गर्ने अधिकृत | शा खा | कैफिय त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | र मिति | र ठेगाना | श्य | | नाम थर र ठेगाना | बुबा बमाको नामथर | नम्बर | सम्पर्क नम्बर | साइज को फोटो | प सही र | को सहिछाप | | |

## अनुसुचि-५

## (दफा ०४ को उपदफा ०३ र दफा १० सँग सम्बन्धित)

## निजि साझेदारी/फर्म दर्ताको प्रमाण पत्र

## आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## रुकुम पश्चिम

## कर्णाली प्रदेश नेपाल

प्रमाण पत्र

निजि/साझेदारी फ.द.नं. फर्मको प्रकारःउद्योग/वाणिज्य सम्बन्धी

निजिसाझेदारी फर्मः/

आठविसकोट नगरपालिका व्यपार –व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि २०८० अनुसार देहाय बमोजिमको विवरण भएको निजि/साझेदारी फर्म मिति .................... मा दर्ता गरि यो प्रमाण पत्र दिइएको छ ।

देहायः

धनी प्रोप्राइटर/साझेदारको नाम थरः

ठेगानाः

पुँजिः/

उद्देश्य / कारोवारको विवरणः

फर्मको ठेगानाः

मितिः

प्रमाणित गर्ने अधिकृत

फर्म दर्ता प्रमाणपत्रको पछाडीको पृष्ठमा

**नविकरणको विवरण**

| नविकरण गरेको मिति | नविकरण पछि वहाल रहने मिति | बुझाएको दस्तुर रु | रसिद नं/भौचर मितिः | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसुचि- ०६

## (दफा ५ र दफा ११ को उपदफा (२) सँग सम्बन्धित निजि साझेदारी फर्मको शाखा दर्ताको प्रमाण पत्र

## आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## रुकुम पश्चिम

## कर्णाली प्रदेश नेपाल

शाखा दर्ता नं.

### फर्मको शाखा दर्ता प्रमाण पत्र

देहाय बमोजिमको विवरण भएको निजि/ साझेदारि फर्मले देहायमा उल्लेखित स्थानबाट समेत व्यपार व्यवसाय गर्ने गरि मिति ...................को यस कार्यलयको निर्णय अनुसार आठविसकोट नगरपालिका व्यपार व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि २०८० को दफा ११ को उपदफा २ बमोजिम शाखा दर्ता गरि यो प्रमाण पत्र दिइएको छ ।

### मुख्य फर्मको विवरणः

फर्मको नामः......................दर्ता नं...................................

फर्मको उद्देश्यकारोवार विवरणः/

शाखाको विवरणः

शाखाको नामः

ठेगानाः

शाखाबाट सम्पादन हुने कामको विवरणः

मितिः

प्रमुख प्रशासकिय अधिकृतः

## अनुसुची ७

## दफा ६ को उपदफा २ र १३ को उपदफा १ र २ सँग सम्बन्धित

## निजि /साझेदारि फर्म नविकरण सम्बन्धि दरखास्त

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत
आठविसकोट नगरपालिका कार्यालय
रुकुम पश्चिम ।

विषयःनिजि/ साझेदारि फर्म नविकरण गरि पाउँ ।

मिति ...........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आठविसकोट नगरपालिका रुकुम (पश्चिम) ।

विषय : निजि/साझेदारि नविकरण गरि पाउँ ।

महोदय,

मेरो/हाम्रो नाममा रहेको ........................ निजि/ साझेदारी फर्म दर्ता नं................. को प्रमाण पत्र पाएकोले त्यसको नविकरणको निमित्त दरखास्त गरेको छु/छौं । प्रमाण पत्र नविकरण गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौ ।

दरखास्तवालाको
नामथरः
सहीः
ठेगानाः

द्रष्टव्य साझेदारी फर्मको हकमा मुख्य साझेदारीको सहि छाप हुनु पर्नेछ ।

## अनुसुचि- ०८

## (दफा ०७ को उपदफा १ सँग सम्बन्धित)

## निजि फर्मले विवरण हेरफेरका लागि दिने दरखास्त

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत
आठविसकोट नगरपालिका कार्यालय
रुकुम पश्चिम ।

विषयःनिजि फर्मको विवरण हेरफेर गरी पाँऊ।

महोदय,

आठविसकोट नगरपालिका वडा नं ......... मा ............उद्देश्य रहेको ............ नामको निजि फर्म मिति .................. मा स्थापना भइ मिति ................ देखि सञ्चालनमा रहेको छ । यस फर्मको सम्बन्धमा देहाय बमोजिमको विवरणमा हेरफेर गर्न आवश्यक भएकोले आठविसकोट नगरपालिका व्यपार व्यबसाय दर्ता तथा सञ्चालन कार्यविधि २०८० को दफा ७ को उपदफा १ बमोजिम कागजातका विवरण सहित यो निवेदन पेश गरेको छु ।यस निवेदनमा उल्लेखित व्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

| क्र.स. | हाल कायम रहेको विवरण | हेरफेर गर्नु पर्ने कारण | कारण |
|---|---|---|---|
| | | | |

निजि फर्मधनीकोः
नामथरः
सहिः
ठेगानाः
फोन नं.मोवाइल नं.
इमेलः

# अनुसुचि- ०९
## (दफा ०८ को उपदफा ०१ र दफा १५ को उपदफा ०१ सँग सम्बन्धित)
## फर्म खारेजिको लागि दिने निवेदन

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु,
आठविसकोट नगरपालिका कार्यालय
रुकुम (पश्चिम) ।

विषय : निजि /साझेदारि फर्म खारेज गरि पाउँ

महोदय,

मेरो/हाम्रो नाममा................. दर्ता नं भएको ..................... नामको निजि /साझेदारी फर्म अवदेखि सञ्चालन गर्न नसक्ने भएकाले दर्ता खारेजि गरिदिनु हुन अनुरोध गर्दछु/गर्दछौं । यस निजि /साझेदार फर्मले सरकारी,गैरसरकारी वा व्यक्तिलाई कुनै तिर्नु बुझाउनु पर्ने रकम बाँकि बक्यौता छैन । तिर्नु बुझाउनु बाँकी बक्यौता रहेको ठहरे कानुन बमोजिम तिर्नु/बुझाउन मन्जुर गर्दछु/ गर्दछौ ।

निवेदेक

फर्मधनीको नामथरः

ठेगानाः

सहिः

औठाछापःदायाबाँया

द्रष्व्यःसाझेदारी फर्मको हकमा मुख्य साझेदारको सहिछाप हुनु पर्नेछ।

# अनुसुचि- १०

## (दफा ०९ को उपदफा ०१ सँग सम्बन्धित)

## साझेदारी फर्म दर्ताको लागी दिने दस्तखत

मितिः

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू।

आठविसकोट नगरपालिका कार्यालय

रुकुम पश्चिम।

विषयः साझेदारी फर्म दर्ता गरी पाँऊ।

महोदय,

हामीहरुले साझेदारी फर्म खोली देहाय बमोजिमको व्यवसाय चलाउन मञ्जुर गरेकोले मज्जुरीको कागज समेत संलग्न गरी दरखास्त गर्न आएका छौ । लाग्ने दस्तुर लिई देहाय नामको फर्म हामीहरुका नाममा दर्ता गरिपाँऊ।

देहायः

१. कुल पँजिः

२. स्थिर पँजिः

३. चालु पुजीः

४. साझेदारहरुको नाम थर ठेगाना र हिस्साको अङ्कः

५. विधुत शक्तिः

माथि उल्लेखित व्यहोरा ठिक साँचो  हो झुट्टा ठहरे कानुन बमोजिम सँहुला बुझाउला। दरखास्तवालाको

नामः ठेगानाः

सहिः

## अनुसुचि११-

## दफा १० सँग सम्बन्धित

## आठविसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम पश्चिम।

## कर्णाली प्रदेश नेपाल

## साझेदारी फर्मको दर्ता किताब

| क्र स | फर्म दर्ता नं. र मिति | फर्मको नाम र ठेगाना | फर्मका साझेदारहरुको नाम थर,ठेगाना र हिस्साको | फर्म धनीको सम्पर्क नं. | फर्मको यद्देश्य | फाइल नं. | स्थिर पुंजी | बिद्युत शक्ति र उत्पादन क्षमता | रोजगारी महिला र पुरुष | प्रमाणित गर्नेको सहिछाप | शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

द्रष्टव्यः साझेदारी फर्मको दर्ता किताव तयार गर्दा उद्योग र वाणिज्य सम्बन्धि साझेदारी फर्मको दर्ता किताव छुट्टाछुट्टै बनाई राख्न सकिनेछ।

## अनुसुचि१२-

## १४को उपदफा १र २ सँग सम्बन्धित

## आर्थिक विवरण

फर्मको नामः

फर्मको ठेगानाः

फर्मको स्थापना मितिः

आर्थिक विवरण आ.व.

१ गत वर्षको जिम्मेवारी

बैंक रु.................... नगद रु..........................भुक्तनी दिनु पर्ने रु.......पाउनुपर्ने रु...........

२.चालु आ.व को कारोवार रकम रु.................स्रोत..............

३. चालु आ.व. को कुल खर्च :

मौज्दातः

बैंक बाँकी नगद बाँकीः

अन्य दायित्वः

उल्लेखित आर्थिक विवरण ठिक साँचो छ । फरक परेमा हामी जिम्मेवारी हुनेछौ। दरखास्तवालाको नाम थरः

पदः

सहिः

फर्मको नाम र छापः

मितिः२०८०२/०९/४

आज्ञाले,

मणि राज शाह

नि.प्रमुख प्रशासकीय अधिकृत